कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २६ अंक: १२१ वि.सं. २०८३ साउन २८ बिहीवार नेपाल संवत्: ११४५, श्रावण शुक्ल प्रतिपदा Thursday 13 August 2026 yugaawhan@gmail .com पृष्ठ: ४ मूल्य: ५ ।-

## जाजरकोट भूकम्पपछिको पुनर्निर्माण जहाँको त्यही

# सरकारी अनुदानले बनेनन् नागरिकका एउटा पनि घर



कुलेन्द्र शाही
सुर्खेत, २७ साउन ।

जाजरकोट केन्द्रबिन्दु भएर विनाशकारी भूकम्प गएको झन्डै तीन वर्ष पुग्न लाग्दा पनि भूकम्पपीडितका स्थायी घर पुनर्निर्माणले गति लिन सकेको छैन । सरकारले पीडितका लागि घर पुनर्निर्माणमा अनुदान उपलब्ध गराउने घोषणा गरे पनि सरकारी रकमबाट एउटा पनि घर पूर्ण रूपमा निर्माण सम्पन्न हुन सकेको छैन ।

भूकम्पले घरबारविहीन बनाएका परिवारमध्ये कतिपय अझै अस्थायी टहरामा बसिरहेका छन् भने कतिपयले ऋण तथा व्यक्तिगत स्रोत जुटाएर घर निर्माण गरे पनि सरकारी अनुदानको पर्खाइमा छन् । जिल्ला प्रशासन कार्यालय जाजरकोटका सूचना अधिकारी तथा प्रशासकीय अधिकृत दिलिपकुमार सोनीका अनुसार व्यक्तिगत लगानीमा केही घर निर्माण भएको भए पनि सरकारी अनुदानबाट पूर्ण रूपमा घर निर्माण सम्पन्न भएको अवस्था छैन ।

'व्यक्तिगत त कसैले घर बनाए होलान् । तर सरकारी रकमबाट कसैले पनि पूर्ण निर्माणको काम सम्पन्न गरेका छैनन्,' सोनीले भने, 'घर बनाउने रकम नै आएको छैन । हामीले भर्खरै केन्द्र सरकारसँग बजेट माग गरेका छौं ।' भूकम्प गएको लामो समय बितिसक्दा पनि पीडितले पाउने अनुदानको प्रक्रिया नै टुंगिन नसक्दा पुनर्निर्माण प्रभावित

बाँकी ३ पेजमा

## ऋण लिएर घर बनाउनेलाई झन् समस्या

सरकारले घर पुनर्निर्माणका लागि रकम दिने जानकारी पाएपछि कतिपय परिवारले ऋण लिएर घर निर्माण सुरु गरेका थिए । अनुदान पाउने आशामा निर्माणमा लगानी गरेका उनीहरू अहिले ऋणको भारमा परेका छन् । घर निर्माण सम्पन्न गरिसक्दा वा निर्माणको प्रक्रिया अगाडि बढाइसक्दा समेत सरकारी अनुदान नपाउँदा उनीहरूको आर्थिक अवस्था कमजोर बन्दै गएको छ ।

कतिपय प्रभावितले पहिलो किस्तासमेत प्राप्त गर्न नसकेको गुनासो गरिरहेका छन् । नलगाड नगरपालिकाका अन्जन बस्नेत पनि त्यस्तै पीडितमध्ये एक हुन् । सरकारले घर निर्माणका लागि रकम दिने जानकारी पाएपछि उनले अस्थायी टहरा बनाएर स्थायी घर निर्माणको प्रक्रिया अघि बढाए । तर, लामो समय बितिसक्दा पनि उनले पहिलो किस्तासमेत पाउन सकेका छैनन् ।'सरकारले घर बनाउन

बाँकी ४ पेजमा

## पुरानो घाउ बल्झाउन आइरहन्छ भूकम्प

पुनर्निर्माणमा भएको ढिलाइसँगै पटक-पटक आउने भूकम्प र पराकम्पले पीडितको त्रास झन् बढाएको छ । १७ कात्तिक २०८० मा बारेकोट गाउँपालिकाको रामीडाँडा केन्द्रबिन्दु भएर ६.४ म्याग्निच्युडको भूकम्प गएको थियो । उक्त भूकम्पमा जाजरकोटसहित आसपासका जिल्लामा ठूलो जनधनको क्षति भएको थियो । धेरै परिवारले आफन्त गुमाए भने हजारौं घरमा क्षति पुगेको थियो । त्यसयता बेला-बेला आउने पराकम्पले प्रभावित नागरिकलाई पुनः ठूलो भूकम्प आउने हो कि भन्ने त्रासमा राखेको छ । मंगलबार बिहान ९ बजेर ८ मिनेटमा जाजरकोटको कल्सेनी आसपास केन्द्रबिन्दु भएर ४.१ म्याग्निच्युडको भूकम्प गएको थियो ।

त्यसको धक्का जाजरकोटसहित आसपासका जिल्लामा समेत महसुस गरिएको थियो । जिल्ला प्रशासन कार्यालयका सूचना अधिकारी सोनीका अनुसार पछिल्लो भूकम्पबाट हालसम्म कुनै मानवीय तथा भौतिक क्षति भएको विवरण प्राप्त भएको छैन । तर, पुनर्निर्माणको कामले गति नलिँदा अस्थायी टहरामा बसिरहेका परिवारलाई सामान्य धक्काले समेत पुरानो भूकम्पको त्रास सम्झाउने गरेको छ । स्थायी घर नहुँदा पीडितको मनोवैज्ञानिक त्राससमेत हट्न सकेको छैन ।

## धर्ना बस्ने सांसदको चेतावनी

जाजरकोटमा भूकम्पपछिको पुनर्निर्माणमा भइरहेको ढिलाइको विषय संघीय संसद्मा समेत उठ्दै आएको छ । जाजरकोटबाट निर्वाचित सांसद खडकबहादुर बुढाले भूकम्पपीडितका समस्या समाधानमा संघीय सरकार गम्भीर नभएको भन्दै १ भदौसम्म पुनर्निर्माणको प्रक्रिया अघि नबढे संसद्मा धर्ना बस्ने चेतावनी दिएका छन् ।

मंगलबार प्रतिनिधिसभाको बैठकमा बोल्दै बुढाले भूकम्पपीडितको पुनर्स्थापना र प्रबलीकरणमा संघीय सरकारले चरम लापरवाही गरिरहेको आरोप लगाए । लामो समयसम्म पीडितहरू टहरामा बस्नुपर्ने अवस्था आउनु विडम्बनाको विषय भएको उनको भनाइ थियो ।

उनले सरकारले आवश्यक बजेट, स्पष्ट कार्यविधि र प्रभावकारी कार्यान्वयनमार्फत पुनर्निर्माणलाई गति दिनुपर्ने माग गरे । भूकम्पपीडितको समस्या केवल आवास निर्माणसँग मात्र जोडिएको नभई उनीहरूको आर्थिक, सामाजिक र मानसिक पुनःस्थापनासँग पनि जोडिएको उनले बताए । त्यस्तै, रुकुम पश्चिमबाट निर्वाचित सांसद गोपाल शर्माले सरकारले बनाएको पुनर्निर्माणसम्बन्धी कार्यविधिमै समस्या रहेको बताएका छन् । उनले विद्यमान कार्यविधि संशोधन गरी नयाँ कार्यविधिमार्फत भूकम्पपीडितको पुनर्निर्माण प्रक्रिया अघि बढाउन सरकारसँग आग्रह गरेका छन् । आइतबार बसेको प्रतिनिधिसभा बैठकमा शर्माले सरकारले नौ दिनभित्र कार्यविधि नसच्याए आफू सदनमा धर्नामा बस्ने चेतावनीसमेत दिएका थिए ।

## भेरी नदीमा जीप खस्दा दुई जना वेपत्ता



युग संवाददाता
सुर्खेत, २७ साउन ।

सल्यानमा भेरी नदीमा जिप खस्दा बेपत्ता भएका दुई जनाको अवस्था अज्ञात छ। उनीहरुको खोजी कार्य भइरहेको छ।

बुधबार दिउँसो करिब २ बजेको समयमा छिन्चु-जाजरकोट सडकखण्डअन्तर्गत सल्यानको बनगाड कुपिण्डे नगरपालिका-१, बाङ्गिरह नजिकै लु १ ज ३०२२ नम्बरको जिप भेरी नदीमा खसेको थियो । उक्त जिपमा सवार चार मध्ये दुई जना नदीमा बेपत्ता भएका छन् ।

बालुवा सङ्कीबाट सल्लीबजारतर्फ फर्किँदै गरेको जिपमा सवार बनगाड कुपिण्डे नगरपालिका-१, आपखोली निवासी २९ वर्षीय प्रेम विक र सोही स्थानका २१ वर्षीय खुमलाल बुढाथोकी सामान्य घाइते भएका थिए । उनीहरू भेरी नदीमा पौडेर बाहिर निस्कन सफल भएका थिए ।

बेपत्ता हुनेमा जिप चालक दाङका अन्दाजी २३ बर्षिय हेमराज बिसी र सल्यानको सिद्धकुमाख गाउँपालिका-४, का अन्दाजी ४३ वर्षीय खलबहादुर राना रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । उनीहरूको खोजीमा नेपाली सेना, सशस्त्र प्रहरी बलको गोताखोरसहितको सुरक्षाकर्मीहरु उद्दारमा खटिएका छन् ।

## मलको माग उच्च, आपूर्ति कम

युग संवाददाता
कैलाली, २७ साउन ।

धनगढीस्थित कृषि सामग्री कम्पनी लिमिटेडले यही साउन १ देखि २६ गतेसम्म एक हजार २८७.७ मेट्रिक टन युरिया र २ ९५.७ मेट्रिक टन डिएपी बिक्री गरेको छ। यस अवधिमा पोटास ३३.२५ मेट्रिक टन बिक्री भएको छ।

प्रादेशिक कार्यालयका प्रबन्धक नवलसिंह बोगटीले धानखेतीका लागि आवश्यक पर्ने मल किसानसम्म पुर्‍याउने क्रममा कम्पनीले उक्त परिमाणमा मल बिक्री गरेको बताए। धानखेतीको मुख्य समयमा मलको माग बढ्ने भएकाले कम्पनीले सहकारी तथा कृषि सामग्रीको बिक्री केन्द्रमार्फत किसानसम्म पुर्‍याउँदै आएको उहाँले जानकारी दिए।

उपलब्ध मल बिक्री भइरहे पनि मागको तुलनामा आपूर्ति भने अझै बढाउनुपर्ने अवस्था रहेको छ। धनगढीका लागि युरिया एक हजार ९४७.७०५ र डिएपी एक हजार ९१५.८१५ मेट्रिक टन आवश्यक कोटा रहेको प्रबन्धक बोगटीले जानकारी दिए।

हालको बिक्रीपछि कम्पनीमा युरिया ११०.२५०, डिएपी ३१ र पोटास ९३.६५० मेट्रिक टन मौज्दात रहेको छ। मङ्गलबारसम्म बिक्री र मौज्दात जोड्दा युरिया एक हजार ३९७.९५५ तथा डिएपी ३२६.७ मेट्रिक टन पुगेको छ। आवश्यक कोटासँग तुलना गर्दा बिक्री तथा मौज्दातमा रहेको मल युरियातर्फ करिब ७२ प्रतिशत र डिएपीतर्फ करिब १७ प्रतिशतमात्रै पुग्छ। यसमध्ये डिएपीको आपूर्ति अन्तर तुलनात्मक रूपमा बढी देखिएको छ।

कम्पनीको विवरणअनुसार आवश्यक कोटाको तुलनामा युरियामा ५४९.७५५ र डिएपीमा एक हजार ५८९.११५ मेट्रिक टन कमी देखिएको छ। धानखेतीका लागि मलको माग बढेको समयमा डिएपीको आपूर्ति कमजोर हुँदा किसानले मलका लागि समस्या भोग्नु परिरहेको छ।




## सम्पादकीय....

# केन्द्रको भागबन्डामा प्रदेशको सत्ता

नेकपा (एमाले) र नेपाली कम्यूनिष्ट पार्टीबीच प्रदेश सरकार गठन तथा मन्त्रालय बाँडफाँडका विषयमा भएको सहमति सतहमा हेर्दा सत्ता साझेदारीलाई व्यवस्थित गर्ने प्रयासजस्तो देखिन्छ। प्रदेशसभामा दलहरूको सिट संख्या, मन्त्रालयको संख्या र सरकारको नेतृत्वलाई आधार बनाएर शक्ति सन्तुलन कायम गर्ने भनिएको छ। मन्त्रालय छनोटमा समेत पालैपालो प्राथमिकता दिने व्यवस्था गरिएको छ। दुई दलको मात्र बहुमत नपुग्ने प्रदेशमा तेस्रो दललाई सहभागी गराउने बाटो पनि खुला राखिएको छ। तर, प्रश्न सहमतिको गणितभन्दा ठूलो प्रदेश सरकारको निर्णय गर्ने अधिकार प्रदेशमै छ कि छैन ? संघीयता कार्यान्वयनको कुरा गर्ने दलहरूले प्रदेश सरकार गठन र मन्त्रालय बाँडफाँडको अन्तिम निर्णयसमेत केन्द्रबाटै गर्ने प्रवृत्तिले संघीयताको मर्ममाथि नै प्रश्न उठाएको छ। दुई दलले आफ्नो सहमतिलाई संघीयताको प्रवर्द्धन, राजनीतिक स्थिरता, सुशासन र प्रादेशिक विकाससँग जोडेको छ। प्रदेश सरकारले न्यूनतम साझा प्रतिबद्धता बनाएर काम गर्ने भनिएको छ। यस्तो प्रतिबद्धता व्यवहारमा कार्यान्वयन भयो भने सकारात्मक परिणाम आउन सक्छ। तर, प्रदेश सरकारलाई केन्द्रका दलहरूको सत्ता साझेदारीको प्रयोगशाला मात्र बनाउने हो भने यस्ता प्रतिबद्धताको अर्थ रहँदैन।

कर्णालीको वर्तमान अवस्था त्यसैको एउटा उदाहरण हो। मुख्यमन्त्री मंगलबहादुर शाहीले १२ साउनमा पद सम्हालेको दुई साता बितिसक्दा पनि मन्त्रीपरिषद्ले पूर्णता पाउन सकेको छैन। सत्ता साझेदार एमालेले मुख्यमन्त्रीबाहेकका ६ मध्ये चार मन्त्रालयमा दाबी गरिरहेको छ भने नेकपा बराबरीको हिस्सेदारीको पक्षमा देखिएको छ। यही रस्साकस्सीका कारण मुख्यमन्त्रीको क्याबिनेट मन्त्रीविहीन अवस्थामा पुगेको छ। सबैभन्दा विडम्बनापूर्ण पक्ष के हो भने प्रदेशको स्वायत्तताको पक्षमा चर्को आवाज उठाउने नेताहरू नै अहिले मन्त्रालयको भागबन्डाका लागि केन्द्रतर्फ फर्किएका छन्। केही समयअघि मुख्यमन्त्री शाही स्वयंले संघीयतामा प्रदेश सरकार स्वायत्त हुनुपर्ने र अन्य प्रदेशमा बनेको समीकरण कर्णालीमा लागू नहुने अडान लिएका थिए। तर, अहिले आफ्नै सरकार गठन र मन्त्रिपरिषद् विस्तारका लागि केन्द्रमा भएका सहमतिलाई कुर्नुपर्ने अवस्था देखिएको छ। यसले नेपालको संघीय अभ्यासमा रहेको एउटा गम्भीर विरोधाभास उजागर गरेको छ। अधिकार प्रदेशमा हस्तान्तरण भएको भनिए पनि राजनीतिक दलहरूको निर्णय प्रक्रिया अझै केन्द्रमुखी छ। प्रदेशसभामा निर्वाचित सांसद र दलहरूको भूमिका भन्दा केन्द्रका शीर्ष नेताबीच हुने सहमति निर्णायक बन्ने हो भने संघीय संरचनाको औचित्यमाथि स्वाभाविक प्रश्न उठ्छ।

मन्त्रालय कति र कसले पाउने भन्ने विषय सत्ता साझेदारीको अंकगणित हुन सक्छ। तर, प्रदेश सरकारको पहिलो दायित्व नागरिकप्रति हो, दलप्रति होइन। लामो समय मन्त्रीपरिषद् विस्तार हुन नसक्दा बजेट कार्यान्वयन, नीति तथा कार्यक्रम, विकास निर्माण र दैनिक प्रशासनिक काममा असर पर्न सक्छ। राजनीतिक दलहरूको भागबन्डाको विवादको मूल्य नागरिकले तिर्नु हुँदैन। त्यसैले एमाले र नेकपाले गरेको सहमतिलाई केवल मन्त्रालय बाँडफाँडको सूत्रमा सीमित राख्नु हुँदैन। प्रदेशको नेतृत्व चयन र सरकार सञ्चालनमा प्रदेश तहलाई वास्तविक अधिकार दिनुपर्छ। कर्णालीका दलहरूले केन्द्रको निर्देशन पर्खेर होइन, प्रदेशको आवश्यकता र जनताको प्राथमिकतालाई आधार बनाएर सरकार सञ्चालनको संस्कार विकास गर्नुपर्छ। संघीयता बलियो बनाउने सबैभन्दा प्रभावकारी उपाय प्रदेशलाई अधिकार दिनु मात्र होइन, त्यो अधिकार प्रयोग गर्ने राजनीतिक आत्मनिर्भरता विकास गर्नु पनि हो। केन्द्रमा हुने भागबन्डाले प्रदेश सरकार बन्ने र ढल्ने संस्कार कायम रह्यो भने संघीयता नाममा मात्र सीमित हुनेछ। कर्णालीले कम्तीमा अब त्यसको उल्टो उदाहरण प्रस्तुत गर्न सक्नुपर्छ।

## विश्व

# स्टेट अफ होर्मुजमा नाकाबन्दी तोड्ने प्रयास गर्ने जहाजमा अमेरिकी आक्रमण



**होर्मुज, २७ साउन ।**
स्टेट अफ होर्मुजमा अमेरिकी नाकाबन्दी तोड्ने प्रयास गर्ने कार्गो जहाजमा अमेरिकी हेलिकप्टरले मिसाइल प्रहार गरेको अमेरिकी सेनाले जनाएको छ।

युएस सेन्ट्रल कमान्ड (सेन्टकम)ले सामाजिक सञ्जाल एक्समा अमेरिकी नौ-सेनाको एमएच-६० हेलिकप्टरले एम/भि वेला नोभा कार्गो जहाजले अमेरिकी सेनाले बारम्बार जारी गरेको चेतावनीलाई बेवास्ता गरी अगाडि बढ्ने प्रयास गरेपछि आक्रमण गरी अघि बढ्न नदिएको जनाएको छ।

गत जुलाई-१४ मा इरानी बन्दरगाहमा अमेरिकी नाकाबन्दी पुनः स्थापित गरेपछि इरान विरुद्धको एक महिना लामो युद्धमा अमेरिकाले जबरजस्ती जहाज रोकेको यो तेस्रो पटक भएको जनाइएको छ।

सेन्टकमले मङ्गलबारसम्म नाकाबन्दीको बेवास्ता गरी अगाडि खोज्ने तथा यस बन्दरगाहामा सञ्चालीत अन्य जहाजलाई पुनः निर्देशित गरेको बताएको छ।

सेन्टकमका अनुसार अमेरिकी सेनाले यसअघि अप्रिल-१३ देखि जुन -१८ सम्ममा इरानी बन्दरगाह अवरुद्ध गरेको थियो, यस अवधिमा उनीहरूले नौवटा कार्गो जहाज निश्क्रिय पार्नुका साथै १४० भन्दाबढी जहाज पुनः निर्देशित गरेको जनाइएको छ।

# सीप, रोजगारी, उद्यम र सम्मान चाहन्छ युवा



राज कार्की

नेपाल आज एउटा महत्त्वपूर्ण मोडमा उभिएको छ। देशको ठूलो जनशक्ति युवा छ। युवासँग ऊर्जा छ, सिर्जनशीलता छ, नयाँ कुरा सिक्ने क्षमता छ र परिवर्तन गर्ने साहस पनि छ तर यही युवा जनशक्ति आज रोजगारी, उद्यम, सीप र भविष्यको सुनिश्चितताको खोजीमा छ। कोही विदेश जाने तयारीमा छ, कोही वैदेशिक रोजगारीबाट फर्किएर नेपालमा केही गर्न चाहन्छ, कोही सानो व्यवसाय सुरु गर्ने सपना बोकेर बैंक तथा सरकारी कार्यालयको ढोका चहारिरहेको छ। यस्तो अवस्थामा युवाको अपेक्षा केवल सरकारले दिने आर्थिक सुविधा वा अनुदानमा सीमित हुनु हुँदैन।

युवाले खोजेको वास्तविक कुरा अवसर हो, आत्मनिर्भर हुने वातावरण हो, आफ्नो सीपको सम्मान हो र आफ्नो श्रमबाट भविष्य निर्माण गर्ने बाटो हो। नेपाल सरकारले राष्ट्रिय युवा नीति २०८२ अघि सारेको छ। मन्त्रालयले पनि युवालाई शिक्षित, सीपयुक्त, अनुशासित र उद्यमशील बनाउँदै राष्ट्र निर्माणमा परिचालन गर्ने विषयलाई महत्वपूर्ण मानेको छ। अब चुनौती नीति बनाउने मात्र होइन, त्यसलाई युवाको दैनिक जीवनमा महसुस हुनेगरी कार्यान्वयन गर्नु हो। त्यसैले आजको आवश्यकता स्पष्ट छ-सहज सुविधा होइन, सीप, रोजगारी, उद्यम र सम्मान चाहन्छ युवा।

### अनुदान समस्याको समाधान होइन

युवालाई आर्थिक सहयोग गर्नु आवश्यक हुनसक्छ तर एकपटक अनुदान दिएरमात्रै युवाको भविष्य सुरक्षित हुँदैन। बरु त्यस्तो सहयोगलाई सीप, व्यवसाय र उत्पादनसँग जोड्न सकिएमा त्यसको प्रभाव दीर्घकालीन हुन्छ। मानौँ, कुनै युवालाई सिलाइ मेसिन दिइयो। मेसिन पाउनु राम्रो कुरा हो तर त्यसपछि के त ? भन्ने प्रश्न आउँछ। उसलाई आधुनिक डिजाइन सिकाइयो कि सिकाइएन ? बजार कहाँ छ भनेर जानकारी दिइयो कि दिइएन ? डिजिटल मार्केटिङ सिकाइयो कि सिकाइएन ? बैंकिङ तथा लेखा व्यवस्थापनको ज्ञान दिइयो कि दिइएन ? उत्पादनलाई ब्रान्ड बनाएर बिक्री गर्ने अवसर दिइयो कि दिइएन ? भन्ने कुरा महत्वपूर्ण हुन्छ।

यदि यी प्रश्नको उत्तर छैन भने मेसिन एउटा सामान मात्र बन्न सक्छ तर मेसिनसँगै सीप, बजार, प्रविधि, वित्तीय ज्ञान र उद्यमशीलता जोडियो भने त्यही मेसिन एउटा रोजगारीको केन्द्र बन्नसक्छ। त्यसैले अबको युवा नीति 'युवालाई के दिने ?' भन्दा 'युवालाई के गर्न सक्ने बनाउने ?' भन्ने प्रश्नबाट निर्देशित हुनुपर्छ।

### सीपलाई दोस्रो दर्जाको काम नठानौँ

नेपालमा अझै पनि एउटा सामाजिक सोच परिवर्तन गर्न आवश्यक छ- सीपमूलक कामलाई सानो काम ठान्ने प्रवृत्ति। हामीले डिग्रीलाई सम्मान गर्छौं तर सीपलाई त्यति सम्मान गर्दैनौं। कार्यालयको जागिरलाई प्रतिष्ठित ठान्छौं, तर आफ्नो हातको सीप प्रयोग गरेर व्यवसाय गर्ने व्यक्तिलाई त्यति महत्व दिँदैनौं।

यो सोच परिवर्तन नगरी युवा आत्मनिर्भर बन्न सक्दैन। टेलरिङ, बुनाइ, काष्ठकला, धातुकला, हस्तकला, कृषि, पर्यटन, होटल व्यवसाय, निर्माण, सौन्दर्य सेवा, सूचना प्रविधि, डिजाइन तथा अन्यअ प्राविधिक क्षेत्रमा सीप भएका युवाले देशको अर्थतन्त्रमा ठूलो योगदान दिन सक्छन्।

म आफैँ परम्परागत सीपसँग जोडिएको व्यवसायमा काम गरिरहेको युवा व्यवसायी भएकाले मैले नजिकबाट देखेको कुरा हो- सीप पुरानो हुन सक्छ, तर सोच कहिल्यै पुरानो हुनु हुँदैन। परम्परागत टेलरिङलाई आधुनिक फेसन उद्योगमा बदल्न सकिन्छ। स्थानीय उत्पादनलाई राष्ट्रिय ब्रान्ड बनाउन सकिन्छ। हातको सीपलाई डिजिटल प्रविधिसँग जोड्न सकिन्छ। यही परिवर्तनका लागि युवा नीतिले प्रोत्साहन दिनुपर्छ।

### विदेश जाने बाध्यता कम गरौँ

वैदेशिक रोजगारी नेपाली युवाको एउटा महत्वपूर्ण विकल्प बनेको छ। विदेश गएर आफ्नो परिवार र देशको अर्थतन्त्रमा योगदान गर्ने युवाको श्रमको सम्मान हुनुपर्छ। तर प्रश्न अर्को पनि छ-नेपालमै युवाले भविष्य देख्न सक्ने वातावरण हामीले कहिले बनाउने ?

यदि एउटा युवा नेपालमा बसेर आफ्नो सीप प्रयोग गरी राम्रो आम्दानी गर्न सक्छ, सानो व्यवसायलाई ठूलो बनाउन सक्छ र अरू पाँच वा दस जनालाई रोजगारी दिन सक्छ भने त्यसले देशको अर्थतन्त्रमा अझ ठूलो योगदान पुर्‍याउन सक्छ। त्यसैले 'विदेश नजाऊ' भनेर मात्र युवालाई रोक्न सकिँदैन। देशमै रोजगारी, बजार, पूँजी, प्रविधि र सम्मान दिनुपर्छ। युवाले नेपालमै सम्भावना देख्न थालेपछि मात्र वैदेशिक रोजगारीको बाध्यता क्रमशः कम गर्न सकिन्छ।

### शिक्षा र सीपबीचको दूरी हटाउनुपर्छ

नेपालको शिक्षा प्रणालीमा पनि परिवर्तन आवश्यक छ। सबै युवाले एउटै बाटो रोज्नुपर्छ भन्ने छैन। कसैलाई विश्वविद्यालयको शिक्षा आवश्यक हुन्छ, कसैलाई प्राविधिक शिक्षा, कसैलाई व्यवसायिक तालिम र कसैलाई आफ्नै व्यवसाय सञ्चालन गर्ने सीप। विद्यालय तहदेखि नै युवालाई 'सिक र कमाउ' अर्थात् सिक्दै कमाउने संस्कृतिसँग जोड्न सकिन्छ।

फेसन डिजाइन, टेलरिङ, कृषि प्रविधि, होटल व्यवस्थापन, डिजिटल मार्केटिङ, इलेक्ट्रिकल, प्लम्बिङ, निर्माण, हस्तकला, सौन्दर्य सेवा, सूचना प्रविधिजस्ता क्षेत्रमा व्यवहारिक शिक्षा विस्तार गर्नुपर्छ। विशेषगरी फेसन उद्योग र परम्परागत सीपलाई प्राविधिक शिक्षासँग जोड्नुपर्ने आवश्यकता छ। नेपालमा उत्पादन हुने कपडा, नेपाली डिजाइन, हस्तकला र स्थानीय सीपलाई अन्तरराष्ट्रिय बजारसम्म पुर्‍याउन सकिने ठूलो सम्भावना छ।

### युवालाई उद्यमी बनाउने वातावरण

युवा व्यवसायी बन्न चाहन्छ, तर व्यवसाय सुरु गर्दा अनेकौँ समस्या आउँछन्। व्यवसाय दर्ता, कर प्रणाली, बैंक ऋण, धितो, बजार, प्रविधि, कर्मचारी व्यवस्थापन र सरकारी प्रक्रियाले धेरै युवालाई निरुत्साहित गर्छ। त्यसैले युवा उद्यमीका लागि एकद्वार सेवा, सरल दर्ता प्रक्रिया, सहुलियतपूर्ण ऋण, व्यवसायिक परामर्श, डिजिटल सेवा र बजारसँग जोड्ने कार्यक्रम आवश्यक छ। युवालाई ऋण मात्र दिएर पुग्दैन। ऋणसँगै व्यवसाय सञ्चालन गर्ने ज्ञान पनि दिनुपर्छ। सरकार, बैंक, निजी क्षेत्र, शैक्षिक संस्था र युवा उद्यमीबीच सहकार्यको बलियो प्रणाली विकास गर्नुपर्छ।

युवालाई केवल रोजगारी खोज्ने जनशक्तिका रूपमा हेर्नु गलत हो। युवा स्वयं रोजगारी सिर्जना गर्न सक्ने शक्ति हो। एउटा सफल युवा उद्यमीले आफूसँगै अरू धेरै युवालाई रोजगारी दिनसक्छ। एउटा सानो सिलाइ व्यवसाय ठूलो उत्पादन केन्द्र बन्नसक्छ। एउटा सानो कृषि व्यवसाय प्रशोधन उद्योग बन्नसक्छ। एउटा स्थानीय हस्तकला व्यवसाय अन्तर्राष्ट्रिय ब्रान्ड बन्नसक्छ। त्यसैले युवा नीति रोजगारी खोज्ने युवाबाट रोजगारी सिर्जना गर्ने युवातर्फ केन्द्रित हुनुपर्छ। यसका लागि सफल युवा उद्यमीको अनुभवलाई पनि नीति निर्माणमा समेट्नुपर्छ। नीति कागजमा मात्र होइन, व्यवसाय सञ्चालन गरिरहेका युवाको वास्तविक अनुभवमा आधारित हुनुपर्छ।

सम्मान पनि रोजगारी जत्तिकै महत्वपूर्ण छ। युवालाई आर्थिक अवसरसँगै सामाजिक सम्मान पनि चाहिन्छ। हामीले श्रमको सम्मान गर्न सिक्नुपर्छ। किसान, टेलर, कालिगढ, डिजाइनर, प्राविधिक, उद्यमी, कलाकार वा डिजिटल क्षेत्रमा काम गर्ने युवा- सबै राष्ट्र निर्माणका साझेदार हुन्। काम सानो वा ठूलो हुँदैन; कामप्रतिको इमानदारी, सीप र सोच ठूलो हुन्छ। जब समाजले युवाको सीपलाई सम्मान गर्न थाल्छ, युवाले पनि आफ्नो श्रमप्रति गर्व गर्न थाल्छ।

### परिणाममुखी युवा नीतिको खाँचो

अब हामीले युवा नीति कागजमा कति राम्रो छ भनेर मात्र बहस गर्ने होइन, त्यसको परिणाम के आयो भनेर हेर्नुपर्छ। कति युवाले सीप पाए ?, कति युवाले व्यवसाय सुरु गरे ? कति रोजगारी सिर्जना भयो ?, कति युवा विदेश जानुपर्ने बाध्यताबाट रोकिए ? कति परम्परागत सीप आधुनिक उद्योगमा रूपान्तरण भए ?, कति युवा उद्यमी बजारसँग जोडिए ? यस्ता प्रश्नको उत्तर दिने गरी परिणाममा आधारित युवा नीति आवश्यक छ। युवालाई लाभग्राहीको सूचीमा राखेर मात्र देशको भविष्य बदलिँदैन। युवालाई नीति निर्माण, कार्यान्वयन र मूल्याङ्कनको प्रक्रियामै सहभागी गराउनुपर्छ।

अन्त्यमा, नेपालका युवामा क्षमता छैन भन्ने होइन। अवसरको कमी छ। युवा मेहनत गर्न चाहन्छ, सिक्न चाहन्छ, व्यवसाय गर्न चाहन्छ, नयाँ सिर्जना गर्न चाहन्छ। उसलाई आवश्यक छ–सही नीति, सहज वातावरण, पूँजीमा पहुँच, बजार, प्रविधि र सम्मान। सरकारले युवालाई केही समयका लागि आर्थिक सुविधा दिएर सहयोग गर्न सक्छ तर सीप, रोजगारी र उद्यमको वातावरण निर्माण गरेर मात्र दीर्घकालीन आत्मनिर्भरता सुनिश्चित गर्न सक्छ।

हामीले युवालाई हात फैलाउने होइन, हातले अवसर सृजना गर्ने बनाउनुपर्छ। युवालाई रोजगारी खोज्नेमात्र होइन, रोजगारी सृजना गर्ने बनाउनुपर्छ। युवालाई विदेश जाने बाध्यतामा होइन, नेपालमै सम्भावना देख्ने आत्मविश्वासमा उभ्याउनुपर्छ। परम्परागत सीपलाई आधुनिक प्रविधिसँग जोडौँ। स्थानीय उत्पादनलाई ब्रान्ड बनाऔँ। युवाको श्रमलाई सम्मान गरौँ। उद्यमलाई प्रोत्साहन गरौँ। सीपलाई शिक्षासँग जोडौँ। सरकारी नीतिलाई बजार र उत्पादनसँग जोडौँ। किनकि नेपालको युवा केवल देशको भविष्य होइन- आजकै नेपालको आर्थिक र सामाजिक परिवर्तनको शक्ति हो। त्यसैले स्पष्टका साथ भन्न सकिन्छ- 'सहज सुविधा होइन- सीप, रोजगारी, उद्यम र सम्मान चाहन्छ युवा।' यही सोचलाई व्यवहारमा उतार्न सकेमा युवा नेपालको समस्या होइन, नेपालको सबैभन्दा ठूलो सम्भावना र शक्ति बन्नेछ।

आज अन्तर्राष्ट्रिय युवा दिवससमेत भएको सन्दर्भमा हाम्रा युवा केन्द्रित नीति, योजना र कार्यक्रमको समीक्षा गर्दै यसलाई आगामी दिनमा परिणाममुखी बनाउने प्रण गर्ने अवसर पनि हो। सन् २००० देखि संयुक्त राष्ट्रसङ्घको आह्वानमा अगस्त १२ तारिखका दिन यो दिवस मनाइँदै आएको यो दिवसको यस वर्षको मूल नारा 'भिन्न परिवेश, साझा आकाङ्क्षा' रहेको छ।

*(लेखक युवा व्यवसायी हुन्)*

## महत्वपूर्ण टेलिफोन नम्बर

**एम्बुलेन्स**
एम्बुलेन्स (नेपाल रेडक्रस) : ०८३-५२०३१०
एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) : ९८४८०२०८६७
एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) : ९८२२४११५८६
शव वाहन : ०८३-५२४२३६/९८५८०४३६००
जिल्ला प्रहरी कार्यालय : १००, ०८३-५२०२२२
जिल्ला ट्राफिक कार्यालय : ०८३-५२५४९६
विद्यूत फ्यूज सेवा :०८३-५२०२६७/५२०२६५
महिला तथा बाल हेल्पलाइन : १०९८

**विमान स्थल**
सुर्खेत : ०८३-५२१९४५/५२५२१९
जुम्ला : ०८७-५२०१९०
मुगु ताल्चा :
हुम्ला : ०८७-६८००८०
डोल्पा : ०८७-५५१०१९
चौरजहारी (पश्चिम रुकुम) : ०८८-४०१०४८
नेपालगन्ज : ०८१-५६५२०५

**दमकल**
वीरेन्द्रनगर न.पा. : : १०१
भेरीगंगा न.पा. : ०८३-५४०११०, ९८५८०५१०५७
नारायण न.पा. : ०८९-४१०२०१

**अस्पताल**
दैलेख जिल्ला अस्पताल : ०८९-४१०११७
प्रदेश अस्पताल सुर्खेत : ०८३-५२३२००
सुर्खेत हस्पिटल प्रा.लि. : ०८३-५२५४१७
माया नर्सिङ्ग होम प्रा.लि. : ०८३-५२१४३०, ५२५४३०
एम्बुलेन्स (माया नर्सिङ्ग होम) : ०८३-५२१४३०
एम्बुलेन्स (देउती नर्सिङ्ग होम) : ०८३-५२०५२८
एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) : ९८४४८३५६६६
एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) : ९८६८११६०५२
जाजरकोट अपस्ताल : ०८९-४३०१२०
जिल्ला अस्पताल डोल्पा : ०८७-५५०१११
जिल्ला अस्पताल मुगु : ०८७-४६०१६२

## आजको राशिफल

**मेष** — गरेका कामबाट तत्काल फाइदा उठाउन मुस्किलै पर्नेछ। अवसर प्राप्त भए पनि ठूलो उपलब्धि हातलागी नहुने देखिन्छ।

**वृष** — प्रतीक्षा गरिएको उपलब्धि प्राप्त हुनुका साथै मनग्य धन लाभ हुनेछ। दिन मनोरञ्जनपूर्ण रहनेछ। सोख पूरा हुनेछ।

**मिथुन** — व्यापारलगायत आर्थिक लाभ हुने काममा मनग्य फाइदा हुनेछ। रोकिएका काम बन्नाले नयाँ कामतर्फ अग्रसर भइनेछ। मेहनतले राम्रै प्रतिफल दिलाउनेछ।

**कर्कट** — छिटो फल प्राप्त गर्ने आकांक्षाले समस्या निम्त्याउनेछ। अरूका लागि बुद्धि र श्रम खर्चनुपर्ला। अवसर आए पनि नयाँ काममा हातहाल्नुअघि राम्ररी विचार पुर्‍याउनुहोला।

**सिंह** — महत्त्वाकांक्षी योजना गोप्य राख्नुहोला। बेसुरमा दिएको वचनले आफैंलाई अप्ठ्यारो पर्नेछ। नजिकका साथीभाइसँग असमझदारी बढ्न सक्छ।

**कन्या** — प्रयत्न गर्दा राम्रै प्रतिफल प्राप्त हुने समय छ। साथीभाइले पनि राम्रै सहयोग जुटाउनेछन्। पछिसम्म लाभ हुने काम प्रारम्भ गर्ने समय छ।

**तुला** — अधैर्य व्यवहारले समस्या निम्त्याउला। समयमा सजग नबन्दा शुभचिन्तकहरू टाढिन सक्छन्। अरूको सुझावलाई बेवास्ता गर्दा दुःख पाइनेछ।

**वृश्चिक** — समयमा होस नपुग्नाले व्यवहारमा पछि परिएला। परिस्थितिवश चिताएको काममा बाधा पुग्नेछ। अरूका लागि रकम र बुद्धि खर्चनुपर्ला।

**धनु** — सुरुमा खर्च बढ्नुका साथै अर्थअभावले सताउन सक्छ। व्यवसायमा फाइदा नगण्य उठे पनि स्वाभिमानको रक्षा गर्न सफल भइनेछ।

**मकर** — मेहनतले आम्दानी बढाउनेछ। सानो प्रयत्न गर्दा महत्त्वपूर्ण काम बन्न सक्छ। श्रमको उच्च मूल्यांकन हुनुका साथै दिगो फाइदा हुने काम प्राप्त हुन सक्छ।

**कुम्भ** — विशेष भेटघाटले काममा उत्साह बढाउला। आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ। कीर्तिमानी काम गर्ने समय छ। साथीभाइको सहयोगले हिम्मत दिलाउनेछ।

**मीन** — आध्यात्मिक मनोवृत्तिले समाजसेवामा प्रवृत्त गराउला। मिहिनेत परे पनि भविष्यका लागि जग बसाउने अवसर प्राप्त हुनेछ।

# हात्तीको आतंक र लालपुर्जा विहीनताको दोहोरो मारमा मधुवनका किसान

**सरला सुवेदी**
**बर्दिया, २७ साउन ।**

बर्दियाको मधुवन नगरपालिकाका सीमावर्ती किसान यतिबेला दोहोरो मारमा परेका छन् । एकातिर भारततर्फको जंगलबाट आउने जंगली हात्तीको बथानले वर्षभरि दुःख गरेर लगाएको अन्नबाली नष्ट गरिदिने गरेको छ भने अर्कोतर्फ आफूले वर्षौंदेखि खेतीपाती गर्दै आएको जग्गाको लालपुर्जा नहुँदा वन्यजन्तुबाट भएको क्षतिको सरकारी राहतसमेत पाउन नसक्ने अवस्था छ ।

असार-साउनको समयमा 'मानो रोपेर मुरी फलाउने' आशामा खेतमा पसिना बगाइरहेका किसानका लागि हात्तीको आतंकले खेतीपाती नै जोखिमपूर्ण बनेको छ । केही दिनअघि मात्रै मधुवन नगरपालिका-३ भग्रैयामा भारततर्फको जंगलबाट आएको हात्तीको बथानले किसानले रोपेको धानबालीमा ठूलो क्षति पुऱ्याएको छ । हात्तीले करिब एक बिघा क्षेत्रफलमा लगाइएको धान खाएर तथा कुल्चिएर नष्ट गरेपछि किसान चिन्तित बनेका छन् ।



दिनभर खेतमा काम गरेर धान रोप्ने किसानको रात भने हात्ती धपाउँदै बित्ने गरेको छ । रातको समयमा हुलका हुल आउने हात्तीले खेतबारीमा लगाएको अन्नबाली नष्ट गर्नुका साथै बस्तीमै पसेर मानवीय सुरक्षासमेत जोखिममा पार्ने गरेको स्थानीयको गुनासो छ ।

'बाली जोगाउन दिनभर खेतमा काम गर्छौं, रात परेपछि हात्ती धपाउनुपर्ने बाध्यता छ,' स्थानीय किसानको गुनासो छ, 'बाली नष्ट भएपछि फेरि खेती गर्नुपर्ने अवस्था आउँछ । सरकारले क्षतिको उचित मूल्यांकन गरेर राहत दिए केही राहत हुन्थ्यो ।'

मधुवन नगरपालिका भारतसँगको सीमासँग जोडिएको क्षेत्र भएकाले यहाँका बासिन्दाले वर्षौंदेखि वन्यजन्तुको त्रास खेप्दै आएका छन् । विशेषगरी भारतको जंगलबाट आउने जंगली हात्तीको बथानले प्रत्येक वर्ष धान, गहुँ, मकै, उखुलगायतका बालीमा क्षति पुऱ्याउने गरेको किसान बताउँछन् ।

स्थानीयका अनुसार खाता जैविक मार्गमा विभिन्न संरचना तथा अवरोध सिर्जना भएपछि हात्तीले परम्परागत आवतजावतको बाटो परिवर्तन गरेर बस्ती र खेतीयोग्य जमिनतर्फ प्रवेश गर्ने क्रम बढेको हो । वन्यजन्तुका लागि सुरक्षित र निर्बाध आवागमनको बाटो नहुँदा मानव-वन्यजन्तु द्वन्द्व बढ्दै गएको स्थानीयको भनाइ छ ।

**लालपुर्जा नहुँदा राहतबाट समेत वञ्चित**

हात्तीले बाली नष्ट गर्नु मधुवनका किसानको एक मात्र समस्या होइन । दशकौंदेखि खेतीपाती गर्दै आए पनि जग्गाको लालपुर्जा नहुँदा यहाँका कतिपय किसान सरकारी राहतबाट समेत वञ्चित हुने गरेका छन् ।

वन्यजन्तुले बालीमा क्षति पुऱ्याएपछि राहतका लागि विभिन्न निकायमा पुग्नुपर्ने भए पनि जग्गाको स्वामित्व प्रमाणित गर्ने कागजात नहुँदा प्रक्रिया झन्झटिलो हुने गरेको किसानको गुनासो छ । राज्यले एकातिर सीमावर्ती तथा वन क्षेत्र आसपासका नागरिकलाई जोखिममा बस्न बाध्य बनाउने र अर्कोतर्फ क्षति हुँदा राहत दिन पनि स्वामित्वको कागज खोज्ने प्रवृत्तिले आफूहरू थप पीडित भएको उनीहरूको भनाइ छ ।

स्थानीय किसान रुपकली सुनारका अनुसार वर्षौंदेखि यही जमिनमा खेती गरेर परिवार पाल्दै आए पनि हात्तीले बाली नष्ट गर्दा क्षतिपूर्ति पाउने विषयमा लालपुर्जा नहुँदा समस्या हुने गरेको छ ।

किसानका लागि खेती आम्दानीको मुख्य आधार हो । एउटा सिजनको धानबाली नष्ट हुँदा त्यसको असर वर्षभरि परिवारको खाद्यान्नदेखि आम्दानीसम्म पर्ने गरेको छ । त्यसैले वन्यजन्तुबाट हुने क्षतिलाई सामान्य घटनाका रूपमा नलिएर किसानको जीविकासँग जोडेर हेर्नुपर्ने उनीहरूको माग छ ।

जैविक मार्ग व्यवस्थित गर्न किसानको माग

स्थानीय किसानले खाता जैविक मार्गलाई व्यवस्थित, सुरक्षित र अवरोधरहित बनाउन माग गरेका छन् । वन्यजन्तुको प्राकृतिक आवागमनको बाटो संरक्षण गर्न सके बस्ती र खेतीयोग्य जमिनमा हात्ती पस्ने क्रम कम गर्न सकिने उनीहरूको विश्वास छ ।

त्यसका साथै हात्तीको नियमित आवतजावत हुने क्षेत्रमा प्रभावकारी निगरानी, पूर्वसूचना प्रणाली, रातको समयमा सुरक्षा गस्ती, सोलार फेन्सिङलगायतका उपाय प्रभावकारी रूपमा सञ्चालन गर्नुपर्ने किसानको माग छ ।

किसानले क्षतिको तत्काल स्थलगत मूल्यांकन गरी सरल र पारदर्शी प्रक्रियाबाट राहत उपलब्ध गराउन पनि सरकारसँग माग गरेका छन् । लालपुर्जा नभएका तर लामो समयदेखि सोही जग्गामा खेती गर्दै आएका वास्तविक किसानलाई पनि राहतबाट वञ्चित नगर्ने गरी कानुनी र प्रशासनिक व्यवस्था मिलाउनुपर्ने उनीहरूको भनाइ छ ।

किसानको भनाइमा वन्यजन्तु संरक्षण र किसानको अधिकार एकअर्काका विरोधी विषय होइनन् । वन्यजन्तुको संरक्षणसँगै वन क्षेत्र आसपास बसोबास गर्ने नागरिकको सुरक्षा, जीविकोपार्जन र क्षतिपूर्तिको अधिकार सुनिश्चित गर्न सकिए मात्र मानव-वन्यजन्तु सहअस्तित्व सम्भव हुन्छ । एकातिर भारतबाट आउने जंगली हात्तीको त्रास, अर्कोतिर वर्षौंदेखि बसोबास र खेतीपाती गर्दै आएको जमिनको लालपुर्जा नहुँदा राज्यबाट पाउने राहतसमेत गुमाउनुपर्ने अवस्थाले मधुवनका किसानलाई गम्भीर अन्यायमा पारेको छ ।

अब समस्या आएपछि हात्ती धपाउने र क्षति भएपछि कागजी प्रक्रिया पूरा गर्न लगाउनेभन्दा दीर्घकालीन समाधान खोजिनुपर्ने किसानको माग छ । जैविक मार्गको संरक्षण, मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण, क्षतिको शीघ्र मूल्यांकन र सहज राहत तथा भूमिहीन वा लालपुर्जाविहीन किसानको भूमि अधिकार सुनिश्चित गर्ने विषयमा स्थानीय, प्रदेश र संघीय सरकारले समन्वयात्मक पहल गर्नुपर्ने देखिन्छ । किसानले उठाएको यो प्रश्न अब केवल बाली क्षतिको विषय नभई किसानको अधिकार, जीविकोपार्जन र राज्यको दायित्वसँग जोडिएको विषय बनेको छ ।

# कर्णालीबाट 'ग्लोकल २० अन्डर २०' मा छनौंट भए किशोर न्यौपाने



**युग संवाददाता**
**सुर्खेत, २७ साउन ।**

कर्णाली प्रदेशबाट किशोर न्यौपाने 'ग्लोकल २० अन्डर २०-२०२६' मा छनोट भएका छन् । २० वर्षमुनिका युवामध्ये नेतृत्व, नवीनता र समुदायमा पुऱ्याएको प्रभावका आधारमा छनौंट गरिने उक्त सूचीमा कर्णालीबाट न्यौपाने मात्र समावेश भएका हुन् ।

जलवायु न्यायको क्षेत्रमा सक्रिय न्यौपानेले अनुमति वा सहयोगको प्रतीक्षा नगरी आफ्नै खर्चमा वातावरण संरक्षणसम्बन्धी प्रारम्भिक अभियान सुरु गरेका थिए । त्यसयता पाँच वर्षमा उनले सञ्चालन गरेको जलवायु न्याय परियोजनाले कर्णालीमा वातावरण संरक्षण र जलवायु सचेतनाका क्षेत्रमा विभिन्न काम गर्दै आएको छ ।

उनको अभियानअन्तर्गत हालसम्म तीन हजार दुई सय ३० भन्दा बढी वृक्षरोपण गरिएको छ । त्यस्तै, कर्णाली प्रदेशमै पहिलोपटक 'ट्र्यास कलेक्सन रेस' अर्थात् फोहोर संकलन दौड आयोजना गरिएको थियो । वातावरण संरक्षणलाई युवाको सक्रिय सहभागितासँग जोड्दै सञ्चालन गरिएको उक्त अभियानले सरसफाइ र जलवायु परिवर्तनसम्बन्धी सचेतना विस्तारमा योगदान पुऱ्याएको छ ।

न्यौपानेको अभियानले विद्यालय तहमा समेत व्यापक पहुँच बनाएको छ । उनका गतिविधिमार्फत कर्णालीका ५८ साझेदार विद्यालयका २० हजारभन्दा बढी विद्यार्थी प्रत्यक्ष रूपमा प्रभावित भएका छन्। विद्यालयमा वातावरण संरक्षण, जलवायु परिवर्तन र जिम्मेवार नागरिक सहभागिताका विषयमा अभियान सञ्चालन हुँदै आएको जनाइएको छ । वातावरणीय अभियानलाई संस्थागत बनाउन न्यौपानेले स्थानीय तह, वन कार्यालय र जलाधारसम्बन्धी निकायसँग समेत कार्यगत सम्बन्ध स्थापित गरेका छन् । सरकारी निकायसँगको सहकार्यले उनका अभियानलाई समुदायस्तरबाट नीतिगत तहसम्म जोड्न सहयोग गरेको छ ।

कर्णालीको वातावरणीय समस्या र संरक्षणका विषयलाई प्रदेश सरकारको ध्यानाकर्षण गराउने क्रममा उनले कर्णालीका मुख्यमन्त्रीसमक्ष बुलबुले ताल पुनःस्थापना तथा संरक्षणका लागि प्रत्यक्ष अपिलसमेत गरेका छन्। बुलबुले ताल कर्णालीको महत्वपूर्ण प्राकृतिक तथा पर्यटकीय सम्पदा भएकाले यसको संरक्षण आवश्यक रहेको उनको अभियानले जोड दिँदै आएको छ ।

# भ्रामक सूचना र दुष्प्रचारविरुद्ध युवाको भूमिका विषयक कार्यशाला

**युग संवाददाता**
**सुर्खेत, २७ साउन ।**

अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा हरिडिलभूमि माध्यमिक विद्यालयमा जानकारीमूलक कक्षा सञ्चालन भएको छ ।

राष्ट्रिय कृषक समूह नेपाल र VSO को सहयोगमा 'भिन्न परिवेश, साझा आकाङ्क्षा' भन्ने नाराका साथ अन्तर्राष्ट्रिय युवा दिवस २०२६ को अवसरमा क्रियटिभ क्लव सुर्खेतले 'भिन्न परिवेश, साझा आकांक्षा : भ्रामक सूचना र दुष्प्रचारविरुद्ध युवाको भूमिका' विषयमा विद्यालयका कक्षा-११ का विद्यार्थीलाई जानकारीमूलक कार्यशाला कक्षा सञ्चालन गरेको हो ।

पछिल्लो समयमा सामाजिक सञ्जालबाट प्रचार प्रसार भइरहेको भ्रामक र दुष्प्रचार सूचनाले कसरी मानिसलाई नकरात्मक प्रभाव पारिरहेको छ भन्ने सन्दर्भमा कार्यक्रम सान्दर्भिक प्रभावकारी भएको बताइएको छ ।

कार्यक्रमको सहजीकरण मध्पश्चिम विश्वविद्यालयका पत्रकारिता र आमसञ्चार विषयका उपप्राध्यापक त्रिभुवन विसी र पत्रकार हिक्मत नेपालीले सहजिकरण गरेका थिए । युवाको भूमिकाको महत्वलाई दर्शाउने उद्देश्यका साथ प्रत्येक वर्ष दिवस मनाउने गरिएको छ । सन् २००० देखि संयुक्त राष्ट्र संघको आह्वानमा अगस्त १२ तारिखका दिन यो दिवस मनाइँदै आएको छ । अन्तर्राष्ट्रिय युवा दिवस मनाउनुको मुख्य उद्देश्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा युवा केन्द्रित बहस पैरवी गर्ने, नीति निर्माण तथा कार्यान्वयनमा युवा सहभागिता बढाउनु रहेको छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार, १६ देखि ४० वर्ष उमेर समूहको जनसंख्या एक करोड २४ लाख १२ हजार १७३ जना अर्थात् कूल जनसंख्याको ४२ दशमलव ५६ प्रतिशत रहेको छ ।

कार्यक्रममा विद्यालयका प्रधानाध्यापक नवराज घिमिरे र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बालकृष्ण हमाल र शिक्षकहरु र राष्ट्रिय कृषक समूह नेपालका प्रतिनिधिहरु धना जिसी र हरिकला चौलागाइको समेत उपस्थित थियो । टीका हमालले सञ्चालन गरेको कार्यक्रममा ५० जना विद्यार्थीहरुको सहभागिता थियो ।

## सरकारी...

भएको हो ।

जिल्लामा अझै वास्तविक भूकम्पपीडितको यकिन तथ्यांक तयार हुन सकेको छैन । कतिपय परिवार लाभग्राहीको सूचीमा परेका छैनन् भने कतिपयको क्षतिको विवरण पुनः परीक्षण गर्नुपर्ने अवस्था रहेको प्रशासनले जनाएको छ । सोनीका अनुसार भेरी नगरपालिका-१ र ३ का १ सय ८८ जना भूकम्पपीडितका लागि जिल्ला विपद् व्यवस्थापन समितिको बैठकबाट निर्णय गरी केन्द्र सरकारसँग बजेट माग गरिएको छ ।

त्यस्तै, नलगाड नगरपालिका-१, २ र ३ का ४ सय ७० जनालाई लाभग्राही कायम गरिएको छ । जिल्लाका अन्य स्थानीय तहमा समेत प्रभावितको तथ्यांक संकलन तथा लाभग्राही कायम गर्ने प्रक्रिया चलिरहेको छ । भूकम्पपछि सरकारले पुनर्निर्माणका लागि अनुदान उपलब्ध गराउने घोषणा गरे पनि लाभग्राही पहिचानको काम समयमै टुंगिन सकेन ।

जिल्ला विपद् व्यवस्थापनको विवरणमा छुटेका तथा वास्तविक रूपमा भूकम्पपीडित भए-नभएको विषयमा समेत प्रशासनले एकिन तथ्यांक निकाल्न सकेको छैन । भूकम्पले घरमा क्षति पुगेका कतिपय परिवारले आफू पीडित भएको प्रमाण र कागजातसहित अनुदानका लागि प्रक्रिया अघि बढाए पनि लामो समयसम्म टुंगो नलागेको गुनासो गरेका छन् ।

क्षतिको मूल्यांकन, लाभग्राही सूची तयार गर्ने र बजेट व्यवस्थापनबीच समन्वय नहुँदा पुनर्निर्माणको काम प्रभावित भएको स्थानीयको भनाइ छ ।

तथ्यांक संकलनका लागि प्राविधिक टोलीसमेत परिचालन गरिएको छ । तर, वास्तविक पीडित पहिचान गरी सबैलाई पुनर्निर्माणको प्रक्रियामा ल्याउने काम अझै पूरा भएको छैन । यसले गर्दा भूकम्प गएको तीन वर्ष पुग्न लाग्दा समेत धेरै परिवार स्थायी आवासको सुनिश्चितताबाट वञ्चित छन् । भूकम्पपीडितका लागि सरकारले दिने अनुदान कहिले प्राप्त हुन्छ र घर निर्माण कहिले सम्पन्न हुन्छ भन्ने अन्योल अझै कायमै छ ।

# 'नागरिकलाई न्यायको अनुभुति दिलाउन राज्यका सबै तह गम्भिर बन्नु पर्छ'

**युग संवाददाता**
**सुर्खेत, २७ साउन ।**

कर्णाली प्रदेश प्रमुख यज्ञराज जोशीले मानव अधिकारको संरक्षण, संवर्द्धन र नागरिकलाई न्यायको अनुभूति दिलाउन राज्यका सबै तह गम्भीर र जिम्मेवार बन्नुपर्नेमा जोड दिएका छन् । अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा कर्णाली प्रदेशस्तरीय मानव अधिकार सम्मेलनको उद्घाटन गर्दै उनले मानव अधिकारको प्रत्याभूति व्यवहारमै सुनिश्चित गर्न सरकार, नागरिक समाज, मानव अधिकारकर्मी र सरोकारवाला निकायबीच प्रभावकारी सहकार्य आवश्यक रहेको बताएका हुन् ।




इन्सेक कर्णाली प्रदेश र सामाजिक विकास मन्त्रालयको आयोजना तथा विभिन्न गैरसरकारी संस्थाको सहयोगमा बुधबार सुर्खेतमा आयोजित सम्मेलनमा कर्णालीमा भौगोलिक विकटता, गरिबी, सामाजिक विभेद, कमजोर पूर्वाधार तथा शिक्षा र स्वास्थ्य सेवामा असमान पहुँचका कारण नागरिकका आधारभूत अधिकार प्रभावित भइरहेको विषयमा चर्चा गरिएको थियो ।

इन्सेकका अध्यक्ष विजयराज गौतमले कर्णालीमा मानव अधिकार संरक्षणका लागि सरकारी तथा गैरसरकारी निकायबीच सहकार्य, साझा प्रतिबद्धता र जवाफदेहिता आवश्यक रहेको बताए । अध्यक्ष गौतमले इन्सेकले देशका विभिन्न प्रदेशहरुमा मानव अधिकार सम्मेलनको आयोजना गरिरहेको बताउँदै वर्तमान अवस्थामा मानव अधिकारको संरक्षण र सम्वर्द्धनमा राज्य जवाफदेहि हुनुपर्ने धारणा राखे ।

राष्ट्रिय मानव अधिकार आयोगका पूर्व आयुक्त एवं इन्सेकका संस्थापक अध्यक्ष सुशील प्याकुरेलले मानव अधिकारको संवैधानिक तथा कानुनी प्रत्याभूति व्यवहारमा कार्यान्वयन हुनुपर्ने र पीडितले न्याय पाउने वातावरण निर्माण गर्नुपर्ने बताए । उनले मानव अधिकारको विषय समय परिवेश अनुसार बदलिएको भन्दै पहिलेभन्दा अहिले धेरै अवसरहरु रहेको औंल्याए ।

कार्यक्रममा प्रदेश मामिला समिति सभापति कल्याणी खड्काले मानव अधिकार संरक्षण, सामाजिक न्याय र समानताका विषयमा राज्यका नीति तथा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने बताउँदै मानव अधिकारका सवालमा तीनै तहका सरकार जावफदेहि हुनुपर्नेमा जोड दिइन् ।

सामाजिक विकास मन्त्रालयकी सचिव रोसनी कुमारी श्रेष्ठले शिक्षा, स्वास्थ्य, महिला तथा बालबालिकाको अधिकार लगायत सामाजिक अधिकारका सवालमा राज्यको जिम्मेवारी र सेवा पहुँच विस्तार गर्नुपर्ने भन्दै नागरिकले पनि ती अधिकारका लागि निरन्तर आवाज उठाउनुपर्ने बताइन् ।

सम्मेलनमा मानव अधिकारको संरक्षण र संवर्द्धनका लागि राज्यको जवाफदेहिता बढाउनुपर्नेमा सहभागीहरूले जोड दिएका छन् । सम्मेलनमा कर्णाली प्रदेशमा मानव अधिकारको समग्र अवस्था, बालबालिकाको अधिकार तथा संरक्षण, बालविवाह, डिजिटल सुरक्षा, जलवायु परिवर्तनको प्रभाव र मानव अधिकार रक्षकको अवस्था तथा चुनौतीलगायतका विषयमा कार्यपत्र प्रस्तुत गरी छलफल गरिएको छ । राष्ट्रिय मानव अधिकार आयोग कर्णाली प्रदेशका प्रमुख रमेशकुमार थापाले कर्णाली प्रदेशको समग्र मानव अधिकार अवस्थाबारे कार्यपत्र प्रस्तुत गरेका थिए ।

त्यसैगरी किशोरकिशोरीको अधिकार र संरक्षण र बालविवाहको बहुआयामिक प्रभावका विाष्यमा यूनिसेफका कर्णाली प्रदेश कार्यालयका प्रमुख दिपक श्रेष्ठ र आवाज संस्थाकी निर्देशक पवित्रा शाही, डिजिटल सेफ्टी, डिजिटल सिटिजनसीप तथा बालबालिकाको सहभागिताका विषयमा सेभ द चिल्ड्रेनका सरोज केसी, कर्णालीमा जलवायु परिवर्तन र त्यसले पारेको प्रभावका विषयमा रोयम नेपालका लुवराज न्यौपाने र कर्णालीमा मानव अधिकार रक्षकको अवस्था, चुनौती र रक्षकको कानुन निर्माणमा भएका प्रयासका विषयमा मानव अधिकार रक्षक सञ्जाल कर्णाली प्रदेशका संयोजक पीताम्बर ढकालले प्रस्तुतिकरण गरेका थिए ।

जलवायु परिवर्तनलाई पनि मानव अधिकारको महत्वपूर्ण सवालका रूपमा उठाएको छ । बाढी, पहिरो, खडेरी, हिमपात, आगलागी तथा अन्य जलवायुजन्य विपद्का कारण कर्णालीका नागरिकको जीवन, जीविकोपार्जन र सम्पत्तिमा असर परिरहेको भन्दै विपद् न्यूनीकरण, पूर्वतयारी, उद्धार, राहत तथा पुनःस्थापनालाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिइएको छ ।

सम्मेलनबाट कर्णाली प्रदेशको मानव अधिकार संरक्षणका लागि १५ बुँदे घोषणा-पत्रसमेत जारी गरिएको छ । 'अधिकार, समानता, न्याय र सम्मानसहितको समृद्ध कर्णाली' भन्ने नारासहित जारी घोषणा-पत्रमा प्रत्येक नागरिकको जीवन र मर्यादाको अधिकार सुनिश्चित गर्नेदेखि दुर्गम क्षेत्रमा गुणस्तरीय शिक्षा, सहज स्वास्थ्य सेवा, महिला तथा बालबालिकामाथिको हिंसा अन्त्य, जातीय विभेद र छुवाछूतको अन्त्य तथा खाद्य सुरक्षा र सामाजिक सुरक्षालाई अधिकारका रूपमा सुनिश्चित गर्न माग गरिएको छ ।

घोषणा-पत्रले युवाका लागि रोजगारी र अवसर सिर्जना, सुरक्षित आप्रवासन, दुर्गम क्षेत्रमा न्यायको पहुँच, अपाङ्गता भएका व्यक्तिको अधिकार, प्राकृतिक स्रोत संरक्षण, विकासको अधिकार, विपद् तथा जलवायु संकटबाट नागरिकको सुरक्षा र भ्रष्टाचारमुक्त तथा जवाफदेही शासनको मागसमेत गरेको छ । मानव अधिकार रक्षक, पत्रकार, नागरिक समाज तथा सामाजिक अभियन्ताको सुरक्षा र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न पनि माग गरिएको छ । सम्मेलनमा कर्णालीलाई भौगोलिक विकटताका कारण अधिकारबाट वञ्चित हुने प्रदेश नभई अधिकारको सम्मान र सामाजिक न्यायको उदाहरण प्रदेशका रूपमा विकास गर्नुपर्ने साझा धारणा व्यक्त गरिएको थियो ।

संविधानप्रदत्त मौलिक हक, मानव अधिकारका विश्वव्यापी मूल्य, सामाजिक न्याय, समानता, समावेशिता, सुशासन र दिगो विकासका सिद्धान्तलाई व्यवहारमा कार्यान्वयन गर्न प्रदेश सरकार, स्थानीय तह, राजनीतिक दल, नागरिक समाज, मानव अधिकार संस्था, सञ्चारमाध्यम, निजी क्षेत्र र नागरिकबीच सहकार्य आवश्यक रहेको घोषणा-पत्रमा उल्लेख छ ।

# बडीमालिका-रामारोशन वन संरक्षण क्षेत्र घोषणा

**युग संवाददाता**
**कैलाली, २७ साउन ।**

बाजुराको बडीमालिका र अछामको रामारोशन क्षेत्रलाई जोडेर 'बडीमालिका-रामारोशन वन संरक्षण क्षेत्र' बनाउने निर्णय कार्यान्वयनको घोषणा गरिएको छ। धनगढीमा आयोजित कार्यक्रममा मुख्यमन्त्री कमलबहादुर शाहले प्रदेश मन्त्रीपरिषद्को यही साउन १९ गतेको बैठकको निर्णयअनुसार वन संरक्षण क्षेत्र घोषणा गरिएको बताए।

"दुई जिल्लाका महत्त्वपूर्ण वन तथा प्राकृतिक क्षेत्रलाई एउटै संरक्षण क्षेत्रका रूपमा विकास गर्ने उद्देश्यले सरकारले निर्णय गरिसकेको छ। सुदूरपश्चिम प्रदेश वन ऐन, २०७७ को दफा २६ (१) बमोजिम संरक्षण क्षेत्र घोषणा गरिएको हो", मुख्यमन्त्री शाहले भने, "बडीमालिका र रामारोशन क्षेत्रको प्राकृतिक सम्पदा, जैविक विविधता तथा वन संरक्षणलाई थप प्रभावकारी बनाउन प्रदेश सरकार प्रतिबद्ध छ।"

घोषित संरक्षण क्षेत्रमा बाजुराको बडीमालिका नगरपालिका-५, ६, ७ र ८ तथा त्रिवेणी नगरपालिका-५, ६, ७ र ९ का क्षेत्र समेटिएका छन्। त्यस्तै, अछामको मेल्लेख गाउँपालिका-१ र २ तथा रामारोशन गाउँपालिका-४, ५ र ६ का क्षेत्र गरी ४९८ दशमलव चार वर्गकिलोमिटर वन संरक्षण क्षेत्रमा समावेश गरिएका छन्।

बडीमालिका धार्मिक तथा प्राकृतिक पर्यटनका दृष्टिले महत्वपूर्ण क्षेत्र हो भने रामारोशन प्राकृतिक सौन्दर्य, ताल तथा जैविक विविधताका कारण परिचित छ। यी दुई क्षेत्रलाई एउटै संरक्षण भूगोलमा समेटिएसँगै वन तथा प्राकृतिक स्रोतको संरक्षणसँगै पर्यावरणीय पर्यटनको विकासका लागि समेत आधार तयार हुने प्रदेश सरकारको विश्वास छ।

प्रदेश सरकारले संरक्षण क्षेत्रभित्र रहेका वन, वन्यजन्तु, जैविक विविधता तथा प्राकृतिक स्रोतको संरक्षण, व्यवस्थापन र स्थानीय समुदायको सहभागितालाई प्राथमिकतामा राख्ने जनाएको छ। दुई जिल्लाका स्थानीय तहबीच संरक्षण र पर्यटन विकासमा सहकार्य बढाउनसमेत यस घोषणाले आधार तयार गर्ने अपेक्षा गरिएको छ।

**बडीमालिका मेला भदौ १ देखि, तयारी सुरु**

सुदूरपश्चिम प्रदेशको प्रमुख धार्मिक तथा पर्यटकीय गन्तव्य बडीमालिका मन्दिरमा यस वर्षको मेला तथा पूजा भदौ १ गतेदेखि सुरु हुँदैछ। दर्शनार्थीको बढ्दो चापलाई ध्यान दिँदै यस वर्ष मुख्य पूजाको दिनअघि नै यहाँ मेला सुरु गर्ने निर्णय गरिएको हो।

जिल्लामा भएको सर्वपक्षीय बैठकले एकैदिन अत्यधिक भीड हुने भएकाले भदौ १ गतेदेखि नै पूजा सुरु गर्ने निर्णय गरेको जिल्ला समन्वय समिति प्रमुख तुलसीराम रोकायाले जानकारी दिए। मन्दिरका पुजारी नेत्र पाध्यायका अनुसार यहाँ हरेक वर्ष जनैपूर्णिमाको अघिल्लो दिन अर्थात् साउन शुक्ल चतुर्दशीका दिन त्यहाँ मुख्य पूजा हुँदै आएको छ। यस वर्ष भदौ १२ गते जनैपूर्णिमा भएकाले त्यसको अघिल्लो दिन बडीमालिकामा मुख्य पूजा हुनेछ।

उनका अनुसार गत वर्ष मन्दिरमा करिब ४५ हजारभन्दा बढी भक्तजनले दर्शन गरेका थिए। हरेक वर्ष देशका विभिन्न जिल्लाका साथै छिमेकी मुलुक भारतबाट समेत यहाँ दर्शनार्थी आउने गरेका छन्। बाजुरा, डोटी र जुम्लाबाट पूजा सामग्रीसहित सरकारी टोलीसमेत यहाँ त्यहाँ पुग्ने परम्परा छ।


यस वर्ष दर्शनार्थीको सङ्ख्या थप बढ्ने अनुमान गरिएको छ। गत वर्ष नेपाली सेनाले प्यागोडा शैलीमा बडीमालिका माताको नयाँ मन्दिर निर्माण गरेपछि यसको आकर्षण थप बढेको छ। त्यस आधारमा पनि दर्शनार्थीको सङ्ख्या बढ्ने अनुमान गरिएको स्थानीय चन्द्र थापाले बताए।

बडीमालिका नगरपालिका प्रमुख अमरबहादुर खड्काले पूजा तथा मेला व्यवस्थापनका लागि सबै तयारी सुरु गरिएको जानकारी दिए। त्यसका लागि जिल्ला प्रशासन, स्थानीय तह र सुरक्षा निकायले तयारी तीव्र पारेका उनले बताए।

प्रमुख खडकाले भन्नुभयो, "मेला सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन १४ बुँदे निर्णयसमेत गरिएको छ। मन्दिर जाने मार्गमा सङ्केत चिह्न, साइनबोर्ड तथा सूचनापाटी राख्ने, धार्मिक क्षेत्रको पवित्रता कायम गर्न मदिरा, लागुपदार्थ र मासुजन्य वस्तु निषेध गरिने निर्णय भएको छ।"

निमित्त जिल्ला समन्वय अधिकारी दिपेन्द्र पाण्डेले त्यहाँ पुग्ने दर्शनार्थीमा लेक लागे, बिरामी परे वा अन्य कारणले आपत्कालीन उद्धार आवश्यक परे जिल्ला प्रशासन, सुरक्षा निकाय र स्थानीय तहले तत्काल उद्धार गर्ने व्यवस्था मिलाएको बताए।

## घुयँत्रो



हामी नेपाली भन्या हरकुराँ नमूना छम् के ! हाम्ले गर्ने काम मात्र नमूना हैन के ! हामी मान्छ्यै नमूना छम। कुराको सिलसिला भख्खरकै घटनाट गर्म है। हामी कर्नालिका माओवादि माननीय सकिनसकि भएभरको जोड लाएर एमाले शीत टाँस्सियर मन्त्रीको जागिर खाका मन्त्रीहरको जागिर खान काँग्रेसीहरुसितै मिलेर मन्त्रीहरलाई संयुक्त राजीनामा दिन बाध्य बनाईम अनि त्यति गर्दानि एमालेका मुख्यमन्त्री यामलाल कँडेलल्यै राजीनामै दिन मानेनन् केही सीप नलाएछि तिनै राजिनामा देका मन्त्री समेतलाई साथमालएर अविश्सासको प्रस्ताक ल्याएर अन्तत सदनबाटै राजिनामा दिएँ भन्ने गराएर अर्को सरकार गठनको तारतम्य भो केही काँग्रेस शीत मिलेर सरकार बनाम्ला भन्ने तारतम्य गरियो तर केन्द्रीय राजनीतिका खेलाडि वलि र प्रचण्ड मिलेर हाम्रो प्लानमा पानी फेर्दे। त्यसपछि नतैले मुख्य मन्त्री बनाएर पठाए अनि हाम्ले जसकाविरुध्द अविश्वास ल्यनथिम तिनैसित मिलेर मुख्यमन्त्री नियुक्त गरिम यसाँ नि हामी र हाम्रो काम नमूना भो। एमाले र माओवादि मिलेर सरकार त बनाईम तर मुख्यमन्त्री हाम्रा पाटिका मंगलशाही आज मुख्यमन्त्री भा को १५ दिन भै सक्यो अरु मन्त्री थप्पियाछैनन् र छाँटकाँट हेर्दा ऐल्यै थप्पियला जस्तो नि छैन। यो नमूना त खास टेलर मात्रै हो शान्ति सम्झौताँ जङ्गलाट शहर पस्दा संसारले देखे होलानि माओवादिको नमूना काम, गिर्जासित मिलेर बिना चुनाब सदनाँ ८४ सिटलेर बस्या। संसाराँ यस्तो नमूना काम कहिँ हुन्छ। विद्रोहीहरु शान्ति पूर्ण राजनीतयाँ समाहित भए भनेनि ८ /१० वटा मन्त्रीसम्म भएर प्रकृयामा अघि बढछन तर काँग्रेस पाटिका गर्जा भन्ने मान्छेले आफू प्रधानमन्त्री भ को नाममा प्रचण्डलाई सदनको विपक्षि दलको नेता बनाए। यस्ता नमूना काम त नेपालाँ कतिभाछन कति। हरेक १०/१० वर्षा ब्यवस्था परिवर्तन , अनि ४६देखि देशाँ जति पनि आन्दोलन भए ती आन्दोलन दवाउने र त्यसका अपराधी सम्मलाई कार्वाहिगर्न ऐलेसम्म अर्थात मल्लिक आयोगदेखि कार्कि आयोगसम्म दर्जनौं आयोग बने तिनले रिपोट दिए तर कसलैले कसैलाई कार्वाहि गरेनन यो पनि त नमुनै काम होनि आयोगका नाममा खरबौं खर्च गरे हुम्ला तर त्यो खर्च बालुवामा पानी सरह बन्यो। अरु त अरु सत्ता सन्चालनमै रहेका राजाको हत्या भयो त्यो घटनामा दुईसय पचास बर्षदेखि राजकाज गर्दै आएका राजपरिवारको बंशनै नास भयो तर त्यस्तो घटनाका पनि अपराधि पत्ता लाउन सकेन भाट आयोगले पनि अनि त्यसका अपराधि ऐले खुलेआम ऐयासी जीवन बिताई रहेका छन।त्यति मात्रै हो र दुई दुई पटक संविधान सभाको निर्बाचन गराएर निर्वाचित संविधान सभाले गराएको संविधान १० बर्ष नपुग्दै कामलाग्ने भएन र अब फेरि संविधान लेख्ने भनेर प्रधानमन्त्री ले संविधान बनाउन सदन बाहिरका मान्छेको नेतृत्वमा संविधान लेखन समिति बनाएर बस्याछन। कुरो गर्यो कुरैको दुख भन्याझैं हरेक राजनीतिक ब्यवस्थाको प्रयोगशाला बनाईएको हाम्रो देशका नेताहरको कामलाई हेर्दा संसार चकित छ। राजनीतिमा सितिमिति दलको नाम परिवर्तन गरिन्न तर त करिब १२ बर्ष हत्या र आतंक मच्चाएर हिंसाको आडमा जन्मेको माओवादि नामको पाटि समेत डिजल्ब गरेर यौटा सिंगल ब्यक्तिले मात्र चुनाब जित्ने नेता पुष्पकमल दाहाल प्रचण्ड नि यै धर्तिमा नमूनाकै रुपमा छन। समग्रमा भन्नू पर्दा हाम्रो धर्तिमा एकसे एक नमूना मान्छे र तिनका नमूना काम छँदाछँदै नि फेरि यो कर्नालि प्रदेशमा सरकार फेर्ने बनाउने र बनाउँदा बनाउँदैनि सरकारलाई पूर्णता दिएर शासन चलाउन नसक्दा हामी फेरि पनि नमूनै बनेका छम्। हेरौं यो नमूना बन्ने ठेक्का हाम्रो भागाँ मात्रै पर्ने हो कि अरुका भागाँनि पर्छ। अस्तु।

## ऋण...

रकम दिन्छ भन्ने जानकारी पाएपछि घर बनाउने प्रक्रिया सुरु गरियो,' बस्नेतले भने, 'तर अहिलेसम्म पहिलो किस्ता नै पाउन सकेको छैन।' उनका अनुसार आफूजस्तै धेरै भूकम्पपीडित अनुदानको पर्खाइमा छन्। कतिपयले ऋण लिएर घर निर्माण अघि बढाएका छन् भने कतिपयले आर्थिक अभावका कारण घर निर्माण सुरु गर्नै सकेका छैनन्।

अनुदान नपाउँदा पीडित परिवारको दैनिकीमा प्रत्यक्ष असर परेको छ। ऋण लिएर घर निर्माण गर्नेहरू ऋण तिर्नुपर्ने दबाबमा छन् भने अस्थायी टहरामा बस्नेहरू मौसमजन्य जोखिमसँग जुधिरहेका छन्। स्थायी घर निर्माण नहुँदा भूकम्पपीडितको अर्को ठूलो समस्या सुरक्षित आवासको अभाव हो। भूकम्पले घर भत्किएको लामो समय बितिसक्दा पनि अस्थायी टहरामा बस्नुपर्ने बाध्यता कायमै छ। वर्षायाममा टहरामा बस्नुपर्दा पानी चुहिने, चिसो बढ्ने र सर्पलगायतका जोखिम हुने गरेको पीडितहरू बताउँछन्। बालबालिका, वृद्धवृद्धा र अशक्त सदस्य भएका परिवारलाई टहराको बसाइ झनै कष्टकर बनेको छ।

भूकम्पपछि तत्कालका लागि बनाइएका अस्थायी टहरा लामो समयसम्म बसोबास गर्न उपयुक्त हुँदैनन्। तर, स्थायी आवास निर्माणमा भएको ढिलाइले त्यही टहरा पीडितको दीर्घकालीन आश्रयस्थल बनेको छ। भूकम्पले घर मात्रै भत्काएन, धेरै परिवारको आर्थिक अवस्था पनि कमजोर बनाएको छ। घर निर्माणका लागि आवश्यक रकम जुटाउन नसक्ने परिवार सरकारी अनुदानको आशामा बसेका छन्। अनुदानको प्रक्रिया ढिला हुँदा उनीहरूको पुनःस्थापना झन् कठिन बन्दै गएको छ।


### सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं

- सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
- चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- संवाद, सहकार्य र समभ्दारीबाट समस्या समाधान गरौं,
- समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं।

सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार।

नेपाल सरकार
विज्ञापन बोर्ड

### ९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्युटर

**हाम्रा विशेषताहरू**

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा निःशुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट**

लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

### सामेल एग्रिकल्चर प्रा.लि.

वीरेन्द्रनगर-१२, एरपोटको पश्चिम पट्टि, सुर्खेत

हामी कहाँ विभिन्न किसिमका प्लाष्टिक टनेल, नेचुरल भेन्टिलेट, सेमी हाईटेक, हाईटेक तथा नर्सरीका सामग्रीहरू, कृषि औजार, अर्गानिक मल, कृषिका विविध सेवा परामर्श, टनेल निर्माणका लागि हामीलाई सम्झनुहोस् ।



budhakarna287@gmail.com

थप जानकारीका लागि : ९८५८०७१९०२

### RARA Printing Pvt.Ltd.

पश्चिम नेपालकै सबै भन्दा ठूलो २८x४० साईजको मेसिनबाट छपाई

रारा प्रिन्टीङ्ग प्रा.लि.

Kohalpur-11, NTV Road, Banke (कोहलपुर न.पा.-११, NTV रोड, बाँके)





Book & Copy Printing



Packaging Box Printing



Wedding Card Printing



Stamp



Fiber Bag Printing

हाम्रो यहाँ छपाई सम्बन्धी सम्पूर्ण काम गरिन्छ ।

सम्पर्क नं.
९८५८०६०६१५/९८५१४००४२३/९८५१३२९१३९


**युगआव्हान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
**शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।